# KIAN हेल्लो खावासकी


अंग्रेजी, चिनियाँ, कोरियन या उत्तर कोरियन, स्पेनिश, पोर्तुगाली, तागालोग,
भियतनामी, थाई, इन्डोनेसियाली, नेपाली र सजिलो जापानी
संघको होम पेज (https://www.kian.or.jp/hlkwsk.html) मा हेर्नु होस्।
खावासाकी अन्तर्राष्ट्रिय संघ  २-२ किजुकी गिओन्च्यो, नाकाहारा वडा, खावासाकी , खानागावा प्रान्त, २११-००३३, जापान
फोन नं.: ०४४-४३५-७००० फ्याक्स नं.: ०४४-४३५-७०१० https://www.kian.or.jp/ ईमेल : kiankawasaki@kian.or.jp

*****************************************************************************************

## विदेशीहरूको लागि रमाईलो र उपयोगी जापानिज भाषाको कक्षा

- **सानो समूह बनाएर समूहमा पढाईन्छ।**
- **जापानिज संस्कृति तथा आफू बस्ने क्षेत्र र त्यहाँ आईपर्ने प्राकृतिक प्रकोपको बारेमा बुझ्नको लागि आवश्यक कार्यक्रमहरु पनि हुन्छ।**

### बिहानको कक्षा  प्रत्येक मंगलबार र शुक्रबार  बिहान ९:५० देखि ११:५० सम्म



| | | | | | |
|---|---|---|---|---|---|
| पहिलो सेमेस्टर | अप्रिल १४ तारिख (मंगलबार) | — | जुलाई ३ तारिख (शुक्रबार) | (२२ पटक) | १२,१०० येन |
| दोस्रो सेमेस्टर | सेप्टेम्बर १५ तारिख (मंगलबार) | — | डिसेम्बर ४ तारिख (शुक्रबार) | (२२ पटक) | १२,१०० येन |
| तेस्रो सेमेस्टर | २०२१ साल जनवरी १२ तारिख (मंगलबार) | — | मार्च १२ तारिख (शुक्रबार) | (१७ पटक) | ९,३५० येन |

※**नि:शुल्क बच्चा हेरिदिने सुविधा छ। (१ वर्ष भन्दा माथिको)**  पाठ्यक्रमको शुल्क छुट्टै लाग्ने छ।

### रातिको कक्षा  प्रत्येक बुधबार  साझँ ६:३० देखि ८:३० सम्म



| | | | | | |
|---|---|---|---|---|---|
| पहिलो सेमेस्टर | अप्रिल १५ तारिख | — | जुलाई १५ तारिख (बुधबार) | (१२ पटक) | ६,६०० येन |
| दोस्रो सेमेस्टर | सेप्टेम्बर २ तारिख | — | डिसेम्बर ९ तारिख (बुधबार) | (१५ पटक) | ८,२५० येन |
| तेस्रो सेमेस्टर | २०२१ साल जनवरी १३ तारिख | — | मार्च १० तारिख (बुधबार) | (९ पटक) | ४,९५० येन |

※**बच्चा हेरिदिने सुविधा छैन।**  पाठ्यक्रमको शुल्क छुट्टै लाग्ने छ।

स्थान : खावासाकी अन्तर्राष्ट्रिय केन्द्र
सम्पर्क : खावासाकी अन्तर्राष्ट्रिय संघ
फोन नं. : ०४४-४३५-७०००  ईमेल : kiankawasaki@kian.or.jp

*****************************************************************************************

## खावासाकी शहर
## साकुरा फूल फुलेको हेर्ने मुख्य ठाउँहरु

खावासाकी शहरमा विभिन्न आकर्षण भएको पार्क र हरिया ठाउँहरू धेरै छन्। त्यस मध्ये पनि "साकुरा (चेरी)" का फूलहरू हेर्नको लागि उपयुक्त केहि विशेष सुन्दर स्थानहरू यस प्रकारका छन्। समय मिलाएर हेर्न जानु होस्।

**युमेगासाकी पार्क ( साईवाई वडा, JR शिनखावासाकी स्टेशन अथवा खाशिमादा स्टेशन)**

चिडियाखाना लगाएत पार्कको बिभिन्न ठाउँमा "साकुरा" फुलको रूखहरू रोपिएको छ। चिडियाखानाका जनावरहरू र "साकुरा" फूलहरू एकै साथ हेरेर आनन्द लिन सक्नु हुनेछ। लगभग ४०० वटा "सोमी योशिनो", "यामाजाकुरा" आदि जातको "साकुरा" फुलको रूखहरू रोपिएको छ।

**सुमियोशी "साकुरा" (नाकाहारा वडा, टोक्यो टोयोको लाइन अथवा टोक्यू मेगुरो लाइन मोटोसुमियोशी स्टेशन)**

खोलामा छुने गरि ढकमक्क फुलेको "साकुरा" को रूखहरू, शिबु खोलाको किनारमा करिब २ किलोमिटर टाढा सम्म "सोमी योशिनो" जातको "साकुरा" को फुलहरु ढकमक्क फुलेको हुन्छ। नजिकैको "नाकाहारा पीस पार्क (नाकाहारा हेइवा कोउएन्) मा पनि "साकुरा" को फुलको आनन्द लिन सक्नु हुनेछ। लगभग २५० वटा "सोमी योशिनो" जातको "साकुरा" फुलको रूखहरू रोपिएको छ।

## भेटघाट तथा छलफल कार्यक्रम

# पोल्याण्डको खाना पकाएर हेरौं !

पोल्याण्डको खानाको मज्जा लिदै त्यहाँको संस्कृतिको बारेमा थाहा पाउने राम्रो अवसर हो।

**मिति र समय :२०२०/ ६ / ६ (शनिबार) बिहान ११:०० देखि दिउँसो २:३० सम्म**

**स्थान** :खावासाकी अन्तर्राष्ट्रिय केन्द्र, खाना पकाउने कोठा

**प्रशिक्षक :अन्ना इजुमि**

**सहभागिको संख्या** : २० जना (आवेदकहरू धेरै भएमा गोला प्रथाबाट छानिने छ।)

**※नि:शुल्क बच्चा हेरिदिने सुविधा छ।(अग्रिम जानकारी गर्न आवश्यक छ → १ वर्ष वा सो भन्दा माथिको)**

**सहभागिता शुल्क** : १,५७० येन (कार्यक्रमको दिनमा संकलन गरिने)

**आवेदन दिने तरिका** : ओफुकु पोस्टकार्ड (फिर्ता आउने हुलाक पत्र) मार्फत आवेदन दिनुहोस्। १ प्रति पोस्टकार्ड बाट २ जना सम्मले आवेदन दिनमिल्ने

१. कार्यक्रमको नाम " पोल्याण्डको खाना"
२. सहभागीको नाम (सहभागी व्यक्ति २ जना भएमा दुबै जनाको नाम)
३. ठेगाना
४. ईमेल र दिउँसो सम्पर्क हुने फोन नम्बर



**आवेदन दिने अन्तिम मिति :२०२०/ ५ / १८ (सोमबार) सम्म**

＊विस्तृत जानकारीको लागि पर्चा (फ्लायर), केन्द्रको होमपेज, फेसबुक्क हेर्नु होस् अथवा केन्द्रमा सम्पर्क गर्नु होस्।

**********************************************************************************

## २०२० साल

# इन्टरनेसनल फेस्तिबल इन खावासाकी

(२०२० खावासकी अन्तर्राष्ट्रिय महोत्सव)


हरेक वर्ष मनाइने इन्टरनेसनल फेस्तिबल (अन्तर्राष्ट्रिय महोत्सव) यस वर्ष पनि आयोजना गर्ने भएको छ।
विभिन्न देशका मानिसहरुले महोत्सवमा भाग लिई आ-आफ्नो देशको नाचगान, संस्कृति आदि प्रदर्शन गर्ने गर्छन्। त्यसैले यस दिन विश्वको विभिन्न संस्कृतिको बारे अनुभव गर्न सक्नुहुनेछ।
कृपया समय मिलाएर मोहत्सव हेर्न आइदिनु हुन अनुरोध गर्दछु।



**मिति र समय : २०२०/७/५ (आइतबार) बिहान १०:०० देखि दिउँसो ४:३० सम्म**
**स्थान : खावासाकी अन्तर्राष्ट्रिय केन्द्र**

**********************************************************************************

## [खावासाकी अन्तर्राष्ट्रिय केन्द्रको विदेशी भाषाको परामर्श सेवा]



यदि तपाइँले सोध्न चहेका केहि प्रश्नहरु भएमा अथवा समस्या परेमा सम्पर्क गर्नुहोस्। (नि: शुल्क)

**＊ अहिले यस केन्द्रको अनुवाद सेवा बन्द गरिएको छ। अफ्ठयारो पर्न गएकोमा क्षमायाचना गर्दछौ।**

•परामर्श सेवाको समय (१०:०० देखि १२:०० र १:०० देखि ४:००)

| भाषा | बार |
|---|---|
| अंग्रेजी | सोमबार देखि शनिबार |
| पोर्तुगाली | मंगलबार र शुक्रबार |
| कोरियाली / उत्तर कोरियाली | मंगलबार र बिहीबार |
| भियतनामी | मंगलबार र शुक्रबार |
| इन्डोनेसियाली | मंगलबार र बुधबार |

•परामर्श सेवाको प्रत्यक्ष सम्पर्क नं.: ०४४-४५५-८८११

| भाषा | बार |
|---|---|
| चिनियाँ | सोमबार देखि शनिबार |
| स्पेनिश | मंगलबार र बुधबार |
| तागालोग | मंगलबार र बुधबार |
| थाई | सोमबार र मंगलबार |
| नेपाली | मंगलबार र शनिबार |

## ＊प्रशासनिक अधिकृत द्वारा नि:शुल्क परामर्श सेवा

(जापानिज भाषामा मात्र परामर्श सेवा उपलब्ध गराइने भएतापनि अन्य भाषामा अनुवाद गराई लिने व्यवस्थाको बुकिंग पनि गर्न सकिने, तर सशुल्क )

- **मिति र समय : २०२०/ ४/ १९ (आइतबार ) र २०२०/ ५/ १७ (आइतबार ) दिउँसो २:०० देखि ४:०० सम्म**
- **स्थान : खावासाकी अन्तर्राष्ट्रिय केन्द्र दोस्रो तल्ला** संघको बैठक कोठा